# श्री सर्वोच्च अदालत मा चढाएको

## निवेदन पत्र

विषय :- स्वार्थ वाझिएका माननीय न्यायाधिशहरु वाहेकको इजलास गठन गरी सुनुवाई गरीपाऊँ ।

पाल्पा जिल्ला रामपुर नगरपालिका वडा नं. ८ घर भई हाल काठमाडौ जिल्ला का. म. न. पा. वडा नं. १६ वस्ने अधिवक्ता राजाराम घिमिरे प्रा.प.नं. १४५८५ (मो.नं. ९८५१२४७७९३)....१ निवेदक

विरुद्ध

राष्ट्रपति कार्यालय शितल निवास, काठमाडौ समेत...............................................१ विपक्षी

मुद्दा - उत्प्रेषण/परमादेश(०७७-wc-००९४)

म निवेदक निवेदन वापत लाग्ने दस्तुर यसै साथ राखी निम्न निवेदन गर्दछु ।

१) उल्लेखित रिट निवेदन यस सम्मानित अदालतमा दर्ता भई हाल संवैधानिक इजलासमा विचाराधीन रहेको अवस्थामा रिट निवेदक का रिट नं. (०७७-wc-००७१) का कानुन व्यवसायीहरुले संवैधानिक इजलास को संरचनाको वारेमा मिति २०७८।०२।१६ मा वहस गर्ने मौका पाएको, तीसवटा मुद्दा पेशीमा चढेकोमा नौवटा वहस भै सके पछि शेरवहादुर देउवा समेत निवेदक भएको रिट निवेदनका कानून व्यावसायीले माननीय न्यायाधिशको स्वार्थ वाझिएको भनी वहस गरेको भएता पनि म निवेदक समेत रहेको त्यस पछिका २० वटा निवेदकलाई सो विषयमा कुनै सुनुवाईको मौका दिईएन ।

२) म निवेदकले वहसको कुनै मौका नपाएको र मिती २०७८/०२/१८ गते सुनुवाई हुदा केही माननीय न्यायाधिश इजलासमा वस्ने र केही नवस्ने भनी आफु आफुले जानकारी गराएको भएता पनि कुनै आदेश जारी भएको अवस्था छैन । इजलासमा सम्माननीय प्रधान न्यायाधिशज्यूले मिति २०७८/०२/२३ गते गठन हुने इजलासलाई कसैले पनि प्रश्न नउठाउनु हुन भनी बेञ्चमा मौखिक रुपमा उल्लेख गर्नु भएको हुँदा सो मिति अगावै देहायको माननिय न्यायाधिशको स्वार्थ वाझिने देखिएको

हुँदा तल उल्लेखित न्यायाधिश रहितको इजलासमा मात्र मुद्दा पेश गर्नु हुन र मुलुकी देवानी संहिता २०७४ को दफा २७१ को पालना गर्नु हुन सादर निवेदन गर्दछु :

क) मिति २०७३/०४/१६ गते व्यवस्थापिका संसद संसदीय सुनुवाई विशेष समितिको वैठक संख्या १५ वाट रिट नं. (०७७-WC-००७१) का रिट निवेदकहरु मध्ये श्री वालकृष्ण खाँड संसदीय सुनुवाई समितीमा रही हाल संवैधानिक इजलासको रोष्टरमा रहनु भएका माननीय न्यायाधिशहरु दिपक कुमार कार्की, मीरा खड्का, हरि कृष्ण कार्की, विश्वम्भर श्रेष्ठ, ईश्वर खतिवडा, डा. आनन्दमोहन भट्टराई, अनिल कुमार सिन्हा, प्रकाशमान सिंह राउत र सपना प्रधान मल्ल लाई व्यवस्थापिका संसद संसदीय सुनुवाई विशेष समिति को वैठक संख्या १५ वाट अनुमोदन गर्नु भएको, वहाँ नै निवेदक भएको अवस्थामा न्याय प्रभावित हुने मात्र नभई उल्लेखित माननीय न्यायाधिशवाट स्वतन्त्र र निष्पक्ष न्याय सम्पादन हुन नसक्ने र एक पक्षीय दृष्टिकोण राख्न साक्ने हुँदा उल्लेखित न्यायाधिशहरु संवैधानिक इजलासमा वस्न न्यायिक विवेक समेतले नमिल्ने व्यहोरा अनुरोध गर्दछु ।

ख) मिती २०७८/०२/१७ गते लोकान्तर दैनिकमा प्रकाशित भएको कागजात हेर्दा संवैधानिक इजलासमा रहनु भएका माननीय न्यायाधिश मध्ये श्री आनन्द मोहन भट्टराई विरुद्धमा मिति २०७३/०५/२१ गतेका दिन नेपालको संविधानको धारा १०१ को उपधारा (५) वमोजिम महाभियोगको निवेदन परेकोमा हाल रिट नं. (०७७-WC-००७१) का रिट निवेदकहरु मध्ये श्री ज्ञानेन्द्र वहादुर कार्की र श्री अमनलाल मोदी समेत रहेको महाभियोग समितिवाट महाभियोगको निवेदन खारेज गर्ने भनी मिती २०७३/०७/०३ गते निर्णय भएको देखिन्छ । यसरी आफुलाई महाभियोग नलगाउने भनी निर्णय गर्ने व्यक्ति स्वयं नै रिट निवेदक भएको अवस्थामा मा.न्या.आनन्द मोहन भट्टराईले निष्पक्ष र स्वतन्त्र रुपमा न्याय सम्पादन गर्न नसक्ने निश्चितै छ । मा. न्या. आनन्दमोहन भट्टाराईले नै मिती २०७८/०२/१८ गते आदेश गर्दा सो कुरा उल्लेख गर्नु भएको हुँदा निजलाई प्रस्तुत सुनुवाईमा संलग्न गर्नु न्याय, कानून र विधिको शासनको घोर उल्लंघन हुने देखिदा निजलाई अव गठन हुने इजलाशमा राख्न सक्ने अवस्था छैन ।

ग) माननीय न्यायाधिशहरु श्री दिपक कुमार कार्की र श्री आनन्दमोहन भट्टराईवाट संवैधानिक इजलासवाट अलग हुने गरी मिती २०७८/०२/१८ मा आदेश हुँदा मुद्दा नं. (०७७-rv-०२०८) र

(०७५-WO-०५१७) मा भएको फैसलाको उप उत्पादन नै प्रस्तुत संवैधानिक इजलासमा भएको मुद्दा भएको भनी उल्लेख गर्नु भएको देखियो ।रिट नं (०७५-WO-०५१७)हेर्ने माननीय न्यायधीशहरुले  वहस सुन्नु भएको थियो वा मिसिल हेर्नु भएको थियो, वहाँहरुले सार्थक सम्वन्ध नदेख्ने तर मुद्दामा कहिलै संलग्न नभएको, इजलासले आदेश गरी मिसिल समेत नझिकाएको अवस्थामा मिसिल नै नहेरी सो मुद्दाको प्रस्तुत मुद्दा संग अन्तर सम्वन्धित भएको, “नियालेर हेर्दा” भनी आदेशमा उल्लेख गर्नु भएको तर मिसिल इजलासमा नझिकाई नियालेर हेर्ने अवस्था नै नआउने हुँदा त्यस्तो नियालेर हेर्ने काम इजलास वाहेक अन्यत्र भएको अवस्थामा मात्र सम्भव हुने हुँदा नीज संवैधानिक इजलासको रोष्टरमा रहनु भएका २जना  माननीय न्यायाधिशहरुवाट प्रस्तुत मुद्दामा स्वतन्त्र, निष्पक्ष न्याय हुने अवस्था देखिदैन । रिट नं(०७५-WO-०५१७)को मुद्दा र हालका रिट निवेदनहरु उप उत्पादन भएको राय दिइसकेको अवस्थामा नीजहरुलाई समावेश गरी पून : वेञ्च गठन हुनु भनेको न्यायिक स्वतन्त्रता र इजलासको निष्पक्षताका लागि गम्भिर प्रश्न सिर्जना हुनु हो। उपरोक्त २जना न्यायधिशहरुले न्याय सम्पादनमा वाधा पु-याई अपहेलना कार्य समेत भई न्यायिक विचलनता समेत आएको देखिन्छ ।तसर्थ उपरोक्त माननीय न्यायधीशज्यूहरु संवैधानिक बेञ्चका लागि उपयुक्त हुनु हुन्न ।

घ) यसैगरी मिति २०७८ साल जेठ १८ गते वहाँहरुले दिएको आदेशमा यस मुद्दामा संवैधानिक इजलासवाट नवस्ने निर्णय गर्नुभएको र निर्णयको पुछारमा पुनः संवैधानिक इजलासमा वस्न खोजे जस्तो भाषा प्रयोग भएको देखिन्छ । माथि प्रकरण (ग) मा उल्लेख भए अनुसार नै नीजहरुवाट प्रस्तत मुद्दामा न्याय निरुपण निष्पक्ष नहुने र अदालत प्रति जनआस्थामा तीव्र ह्रास हुने स्पष्ट छ । एउटा सम्मानित इजलासवाट कुनै साईनो सम्वन्धनै नभएको मुद्दालाई स्रोत मानी सहकर्मी न्ययधीशहरुलाई आक्षेप लगाई इजलास छाड्ने कार्यले हाम्रो न्यायालयको गरिमामा चोट पुर्याएको छ । आफै इजलासमा नवस्ने घोषणा गदै सम्माननीय प्रधानन्यायाधिशले चाहेमा वस्न तयार रहेको भनि विरोधाभाषपुर्ण तर्क सहित इजलास वहिष्कार गर्ने न्यायाधिशलाई संवैधानिक इजलासमा राख्दा निष्पक्ष न्याय सम्पादन हुदैन । तसर्थ माननीय न्यायाधिशहरु दिपक कुमार कार्की र आनन्दमोहन भट्टराईलाई प्रस्तुत मुद्दाको सम्वन्धमा गठन हुने संवैधानिक इजलासमा

राख्न विधिशास्त्रीय हिसावले, निजहरुको आदेशमा उल्लेख अनुसार ज्ञान , विवेक , न्यायिक धर्म र नैतिक रुपमा समेत  नमिल्ने हुँदा निजहरु रहितको संवैधानिक इजलास गठन गर्न अनुरोध छ ।

ङ) संवैधानिक इजलासको रोष्टरमा रहनु भएका माननिय न्यायाधिश प्रकाशमान सिहं राउतले कानुन व्यवसायी रहदा  रिट नं. (०७७-WC-००७१) का रिट निवेदक नेपाली काङ्ग्रेसको को नेता शेर वहादुर देउवा तथा अन्य नेताको पक्षवाट वहस गर्नु भएको, निज नेपाली काङ्ग्रेसको निर्वाचन समितीमा रही कार्य गरेको ,नीज सो समयमा नेपाली काँग्रेसको महा समिति सदस्य समेत रहेको र  अहिले नेपाली काङग्रेस नै निवेदक भएको हुदा रिट निवेदक र माननिय न्यायाधिश प्रकाशमान सिंह राउतको विचमा  कन्फिक्ट अफ इन्ट्रेस्ट अर्थात स्वार्थ वाझिएको स्पष्ट रुपमा  देखिन्छ । नीज  शेरवहादुर देउवाको रिट निवेदनमा मुकरर हुनु भएका कानुन व्यवसायि वरिष्ठअधिवक्ता शम्भु थापा रिट निवेदक भएको मुद्दा नं (०७०-WO-०१९३) मा शम्भु थापाको तर्फवाट कानून व्यवसायी नियुक्त भई वहस पैरवी गर्नुभएको समेत हुँदा यस परिप्रेक्ष्यमा समेत नीजले प्रस्तुत रिट निवेदन समेत हेर्न मिल्दैन । तसर्थ निजलाई इजलाश गटनमा सामेल गरिएमा न्यायिक निष्पक्षता र पवित्रतामा गम्भिर आशंका पैदा हुने अवस्था हुँदा नीज  रहितको इजलास गठन गर्न सादर अनुरोध छ ।

च) यस भन्दा पहिला सम्माननिय प्रधान मन्त्री श्री केपी शर्मा ओलीले प्रतिनिधिसभा विघटनको मुद्दा हेर्ने माननिय न्यायाधिशहरुको स्वार्थ प्रस्तुत मुद्दामा वाझिने देखिन्छ । हामी रिट निवेदकहरुले नै प्रस्तत मुद्दा दायर गर्दा पहिले देखिको श्रृंखला उल्लेख गरेको र आफ्नो राय दिइसकेको हुँदा पहिलेको मुद्दा फैसला गर्ने माननिय न्यायाधिशहरु कोही पनि प्रस्तुत मुद्दामा रहन सक्ने अवस्था देखिदैन । त्यसैले उक्त मुद्दामा संलग्न व्यक्तिहरु रहित इजलास गठन गर्न सादर अनुरोध गर्दछु ।

छ) यस अधिको प्रतिनिधि सभा विघटनको सम्वन्धमा भूतपूर्व प्रधान न्यायाधीशहरु मीन वहादुर रायमाझी,अनुपराज शर्मा,कल्याण श्रेष्ट,शुशीला कार्कीले प्रेस वक्तव्य जारी गरी पूनर्स्थापनाको पक्षमा आफ्नो राय दिनुभएकोमा संयोगवस साविकमा प्र.न्या. हुँदा न्यायपरिषद्वाट नियुक्त हुनुभएको न्यायधीश सम्मिलित बेञ्च गठन भएको  र फैसला हुँदा भूतपूर्व प्रधान न्यायाधीशहरुको प्रेस वक्तव्य माग दावी अनुसार फैसला भएको तथ्य रहेको र हाल पनि नीज पूर्व प्र.न्यांज्यूहरुवाट प्रेस वक्तव्य जारी भैसकेको हुँदा यस्तो अवस्थामा नीजहरु न्यायपरिषदमा रहदा नियुक्तिमा

पर्नुभएका कुनैपनि न्यायाधीशहरु नीजहरुप्रति अनुग्रहित हुने अवस्गा आउने र स्वतन्त्रतापूर्वक न्याय सम्पादन नभई निर्देशित रुपमा निर्णय हुन सक्ने अवस्था समेत रहेकोले यस तथ्यका आधारमा नीज पूर्व प्र.न्या.हरु न्याय परिषद्मा हुँदा नियुक्तिमा पर्नुभएका सबै न्यायाधीशहरु प्रस्तुत रिट निवेदनको वेञ्च गठन हुन सक्ने अवस्था देखिदैन ।

ज) प्रस्तुत लगाऊको सहित सवै तिसवटा मुद्दामा करिव दुई सय जना निवेदक र पक्ष विपक्षका कानून व्यवसायी रहेका छौ । मुलुकी देवानी कार्यविधि संहिताको दफा २७१ ले आफ्नो नाता पर्ने ,कसैको पनि मुद्दा हेर्न छिन्न नपाउने व्यवस्था गरेको र कसैको नाता नपर्ने एकिन नगरी न्याय सम्पादन गर्दा मुद्दा सुनुवाई शुरु भए पछि यस्तो प्रश्न नउठोस भन्नको लागि शुरुमा नै कसैको नाता नपर्ने कुरा एकिन गरी वेञ्च गटन गर्नुहुन अनुरोध छ ।

झ) सम्मानित संवैधानिक इजलासले न्याय दिएर मात्र हुदैन । न्यायको मान्य सिद्धान्तको पालना समेत गर्नु पर्दछ । न्यायको मान्य सिद्धान्तलाई अस्वीकार गरी न्याय सम्पादन भएमा त्यसले दिने परिणाम मुलुकको लागि दुर्भाग्यपुर्ण हुन्छ । यसैले प्रस्तुत मुद्दामा सम्माननिय प्रधानमन्त्री के पी शर्मा ओलीको विपक्षमा तथा रिट निवेदकहरुको पक्षमा फैसला गर्ने माननिय न्यायाधिशहरु रहितको इजलास गठन हुनु पर्दछ । प्रस्तुत मुद्दामा संवैधानिक वाध्यताको कारण सम्माननीय प्रधान न्यायाधिश इजलासमा रहनु पर्ने भएको हुँदा अन्य चार जना न्यायाधिशहरुको स्वार्थ वाझिएमा इजलासमा रहन नमिल्ने हुँदा स्वार्थ वाझिएका न्यायाधिश वाहेकको इजलासमा गठन गर्न सादर अनुरोध छ ।:

| **क्र सं** | **माननिय न्यायाधिशको नाम** | **फैसलामा संलग्नता र मुद्दा हेर्न नमिल्ने कारण (थुप्रै फैसलाहरु भएतापनि केहीमात्र उल्लेख गरिएको छ )** |
|---|---|---|
| १. | दिपक कार्की | • सरकारले काम गर्दा गर्दै कोरोना नियन्त्रणको सम्वन्धमा सरकारकै विरुद्धमा अन्तरिम आदेश जारी गरेको (०७७- WO-१११८)<br>• राष्ट्रपतिको कार्यालय समेतलाई विपक्षी वनाई दायर गरेको रिटमा सम्वैधानिक इजलासमा रही ०७२-WO-००१५ को मुद्दामा राष्ट्रपति कार्यालयको पक्षमा आदेश दिएको । |
| २. | मिरा खड्का | • नवराज सिलवाल विरुद्ध तत्कालिन प्रधानमन्त्री |

| | | |
|---|---|---|
| | | पुष्पकमल दाहाल (०७३-WF-००२३, ०७३-FN-०५९७) भएको मुद्दामा वृहत पुर्ण इजलासमा रहि माओवादी काङ्गेस सरकारको पक्षमा फैसला गरेकोले<br>● राष्ट्रपतिको कार्यालय समेतलाई विपक्षी वनाई दायर गरेको रिटमा संवैधानिक इजलासमा रही ०७२-WO-००१५ को मुद्दामा राष्ट्रपति कार्यालयको पक्षमा आदेश दिएको । |
| ३. | हरिकृष्ण कार्की | ● राष्ट्रपतिको कार्यालय समेतलाई विपक्षी वनाई दायर गरेको रिटमा संवैधानिक इजलासमा रही ०७२-WO-००१५ को मुद्दामा राष्ट्रपति कार्यालयको पक्षमा आदेश दिएको । |
| ४. | विश्वम्भर श्रेष्ठ | ● (०७७-WC-००२८) समेतको मुद्दावाट प्रतिनिधिसभा पुनर्स्थापना गरी प्रधानमन्त्री केपी शर्मा ओली विरुद्ध फैसला गरेको |
| ५. | ईश्वर खतिवडा | ● तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहालले व्लड मनिको सम्वन्धमा गरेको घोषणा सम्वन्धि मुद्दामा (०७३-WO-११८४) प्रस्तुत मुद्दाका रिट निवेदक पुष्पकमल दाहालको पक्षमा फैसला गरेको । |
| ६. | आनन्दमोहन भट्टराई | ● ०७६- WO-०५५८, ०९४० मुद्दामा सरकारले विदेशवाट नेपाली श्रमिक ल्याउने तयारी गर्दा गर्दै उल्टै कोभिडको विचमा विदेशवाट श्रमिक ल्याउने आदेश दिएको । |
| ७. | अनिल सिन्हा | ● ०७७-WC-००२८ समेतको मुद्दावाट प्रतिनिधिसभा पुनरस्थापना गरी प्रधानमन्त्री केपी शर्मा ओली विरुद्ध फैसला गरेको ।<br>● ७६- WO-०९६६ र ०९७४ को मुद्दामा कोभिडको वन्दावन्दीको अवधि नाघेको तिस दिन नभई कर तिर्नु नपर्ने अन्तरिम आदेश जारी जारी सरकारको निर्देशन कायान्वयन हुनवाट रोक लगाएको । |
| ८. | प्रकाश मान सिंह राउत | ● नवराज सिलवाल विरुद्ध तत्कालिन प्रधानमन्त्री पुष्पकमल दाहाल (०७३-WF-००२३, ०७३-FN-०५९७) भएको मुद्दामा वृहत पुर्ण इजलासमा रहि माओवादी काङ्गेस सरकारको पक्षमा फैसला गरेकोले |
| ९. | सपना मल्ल प्रधान | ● (०७७-WC-००२८) समेतको मुद्दावाट प्रतिनिधिसभा पुनरस्थापना गरी प्रधानमन्त्री केपी शर्मा ओली विरुद्ध फैसला गरेको<br>● सभामुख अग्नी सापकोटाको विरुद्धमा दिनेश त्रिपाठिले दायर गरेको ०७६- WO-०७०४ को मुद्दामा निज विरुद्ध |

| | | |
|---|---|---|
| | | अन्तरिम आदेश जारी नगरि सभामुख वनाउन वाटो खोलिदिएको तर सरकारको विरुद्धमा विभिन्न आदेश दिएको ।<br>● कोभिड सम्वन्धमा सरकारले काम गर्दा गर्दै सरकारको विरुद्धमा ०७६- WO-०९६२ को मुद्दामा आदेश जारी गरेको ।<br>● मुद्दाका विपक्षी माधव कुमार नेपालले संविधान सभाको समानुपातिकको सुचिमा नाम समावेश गरेको र झलनाथ खनालले संविधान सभा सदस्य वनाएको । |
| १०. | तेज वहादुर के.सी | ● (०७७-WC-००२८) समेतको मुद्दावाट प्रतिनिधिसभा पुनरस्थापना गरी प्रधानमन्त्री केपी शर्मा ओली विरुद्ध फैसला गरेको<br>● एमाले र माओवादी विचको एकता कायम नगर्ने निर्णय पुनरावलोकनवाट अस्विकार (०७७-RV-०२०८) |
| ११. | वम कुमार श्रेष्ठ | ● एमाले र माओवादी विचको एकता कायम नगर्ने (०७५-WO-०५१७) फैसला गरी केपी शर्मा ओलीलाई हराएकोले<br>● तत्कालिन प्रधानमन्त्री पुष्पकमल दाहालले व्लड मनिको सम्वन्धमा गरेको घोषणा सम्वन्धि मुद्दामा (०७३-WO-११८४) प्रस्तुत मुद्दाका रिट निवेदक पुष्पकमल दाहालको पक्षमा फैसला गरेको । |

३. अतः माथि उल्लेख गरिएबमोजिमका कारण र आधारबाट उपरोक्त कुनैपनि माननीय न्यायाधीशहरु सम्मिलित संवैधानिक इजलास गठन हुन नसक्ने हुँदा प्रस्तुत निवेदनमा उल्लेख गरेका विषयवस्तुहरुलाई गम्भिरतापूर्वक मनन गरी संयुक्त राष्ट्रसंघको आर्थिक तथा सामाजिक परिषद्द्वारा अनुमोदित न्यायाधीशहरुको विश्वव्यापी आचार सिद्धान्त (वैंगलोर सिद्धान्त) समेतलाई मध्यनजर गरी आवश्यक परे रोष्टर थपघट गरी उपरोक्त न्यायाधीशहरुरहितको संवैधानिक इजलास गठन गरी सुनुवाई गरी पाउन विनम्र अनुरोध गर्दछौ । यदि प्रस्तुत निवेदन माग दावी अनुसार नभई इजलास गठन भएमा सो इजलासमा प्रारम्भमै निवेदकको कानुन व्यवसायी मार्फत आफ्नो कुरा राख्ने व्यहोरा अनुरोध गर्दछु।

४. निवेदकको तर्फबाट उपस्थित कानुन व्यवसायीहरुको बहस जिकिरलाई यसै निवेदनको अभिन्न अङ्ग मानी पाऊँ ।

५. संलग्न कागजातहरुः-

(क) लोकान्तरमा प्रकाशित समाचार र सो साथ प्रकाशित माईन्युटहरु

ख) मिति २०७८ जेठ १८ गते माननिय न्यायाधिशहरु वाट व्यक्त राय

निवेदक:

अधिवक्ता राजाराम घिमिरे

प्र.प.नं. १४५८५

इति सम्वत् २०७८ साल जेठ महिना २१ गते रोज ६ शुभम्..............................।